STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ ९ गते बुधबार ❑ 25 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## असन्तुष्ट नेतासहितको बैठकपछि एमालेमा एकताको सन्देश

**रासस**
**काठमाडौं, ८ भदौ**

नौ महिनादेखि पार्टीमा असन्तुष्ट रहँदै आएका १० नेतासहितको उपस्थितिमा मंगलबार भएको नेकपा (एमाले) को स्थायी कमिटी बैठकले आन्तरिक एकता सुदृढीकरणका लागि नयाँ सन्देश दिएको छ।

पार्टीभित्रको आन्तरिक समस्या समाधानका लागि गत असार २७ गते कार्यदलस्तरमा भएको १० बुँदे सहमतिलाई कार्यान्वयनको ठोस आधार तय गर्दै पार्टीलाई नेकपा (माओवादी केन्द्र) सँगको एकतापूर्वको साङ्गठनिक संरचनाका आधारमा सञ्चालन गर्न बैठकले निर्देशित गरेको छ। पार्टीमा वरिष्ठ नेता माधवकुमार नेपाललगायत नेताले एमाले छाडेर नेकपा (एकीकृत समाजवादी) दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएको अवस्थामा नेता नेपाल पक्षमा रहेका स्थायी कमिटीका १० र माओवादी केन्द्रबाट एमालेमा सामेल रामबहादुर थापासहितका सहभागी बैठकले नयाँ दल दर्ताको प्रक्रियामा रहेका नेता कार्यकर्तालाई मूलघरमै फर्किन आह्वान गरेको छ । ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति भवनमा भएको बैठकपछि अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्षहरु युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, डा भीमबहादुर रावल, महासचिव ईश्वर पोखरेल, उपमहासचिव घनश्याम भुसाल, स्थायी कमिटी सदस्य थापालगायतका नेताले सञ्चारकर्मीमाझ प्रस्तुत भई सामूहिक तस्बिर खिचाउनुभएको थियो। त्यसपछि बैठक 'ऐतिहासिक भएको जनाउँदै पार्टीका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले पत्रकारलाई निर्णयबारे जानकारी दिनुभएको थियो । बैठकले पार्टीको १० औँ राष्ट्रिय महाधिवेशनको मिति आगामी मङ्सिर १० देखि १२ गतेसम्म तथा विधान महाधिवेशन आगामी असोज ४ देखि ६ गते काठमाडौँमा गर्ने निर्णय गरेको छ। त्यसपूर्व सदस्यता नवीकरण, वडा र पालिकास्तरका अधिवेशन, विधान महाधिवेशनलगायतका कार्यतालिकालाई संशोधन गरेको छ। बैठकले पार्टीका केन्द्रीय कमिटी, निकाय, प्रदेश समन्वय कमिटी, जिल्ला कमिटी, स्थानीय तह कमिटी जनसङ्गठनलगायत सबै कमिटीमा रहेका पदाधिकारीलाई २०७५ जेठ २ गते पूर्वको जिम्मेवारीमा क्रियाशील हुन निर्देशन दिएको छ। दस बुँदे प्रस्तावमा आधारित निर्णय कार्यान्वयन गर्ने क्रममा उत्पन्न हुनसक्ने समस्या समाधान तथा केन्द्रीय कमिटीका मनोनयन गरिने १० प्रतिशत सदस्यको सिफारिस गर्न एक कार्यदल गठन गरिएको छ । यी निर्णय कार्यान्वयनका लागि गत असार २७ गतेको १० बुँदे प्रस्तावलाई सन्दर्भ सामग्रीका रुपमा मातहतका कमिटीमा पठाइने भएको छ। प्रवक्ता ज्ञवालीले १० बुँदे सहमति कार्यान्वयनका लागि महासचिव ईश्वर पोखरेल, उपाध्यक्ष डा भीम रावल, उपमहासचिव विष्णु पौडेल र घनश्याम भुसाल, स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे र लेखराज भट्ट रहेको कार्यदल गठन गरिएको जानकारी दिनुभयो।

बैठकले २०७५ साल जेठ २ गते सदस्यतालाई आधार मानेर एकीकरणका क्रममा आबद्ध भएका सदस्यसमेतको पार्टी सदस्यता नवीकरण अगाडि बढाइने र २०७५ साल जेठ ३ पछि दिइएका नयाँ सदस्यको पनि नवीकरण असोज मसान्तसम्म गर्ने निर्णय गरेको छ। पार्टीका स्थानीय कमिटीलाई व्यवस्थित गर्न देशैभर २०७८ साल कात्तिक ६ गते वडा अधिवेशन र कात्तिक ९ गते पालिका वा सोसरहका कमिटीको अधिवेशन गर्ने तथा पार्टीको पछिल्लो निर्णय सम्प्रेषण गर्न यही भदौ १६ देखि २० सम्म

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा महानगरको त्रिवर्षीय आवधिक योजनाको तयारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ भदौ**



पोखरा महानगरपालिका शहरी योजना आयोगले तयार गरेको त्रिवर्षीय योजना तयारी माथि छलफल गरिएको छ।

महानगरले मंगलबार सरोकारवाला क्षेत्रका योजनाविद्हरुको उपस्थितिमा योजना माथि विषयगत छलफल गराएको हो । योजनामा महानगरपालिकाको द्रुत र दिगो विकासका लागि आर्थिक सामाजिक, लोकतन्त्र तथा सुशासन, भौतिक पूर्वाधार जस्ता विषयहरु समेटेर त्रिवर्षिय योजना (२०७८/७९-२०८०/८१) तयार गरिएको महानगर शहरी योजना आयोगका उपाध्यक्ष डा. रामचन्द्र लामिछानेले जानकारी दिनुभयो । लामिछानेका अनुसार योजनाले समाजवाद उन्मुख समाजको निर्माणको लागि पोखराको आर्थिक र सामाजिक विकासको मोडल तयार गरेको छ। नेपालको संविधान २०७२ , दिगो विकास लक्ष्य २०३० लाई पोखरा महानगरपालिकाको सन्दर्भमा स्थानीयकण, संघीय सरकारको भिजन २१००, पन्ध्रौ पञ्च वर्षिय योजना, गण्डकी प्रदेशको प्रथम पञ्च वर्षीय योजनालाई आधार मानेर पोखरा महानगरले तिन वर्षीय योजना तयार गरिएको उहाँको भनाइ छ । महानगरका कार्यवाहक मेयर मञ्जुदेवी गुरुङले ''सुखी नेपाली, समृद्ध नेपाल'मा आधारित रहेर पोखरा महानगरको त्रिवर्षीय योजना तयार गरेको र यस योजनाले आगामी विकासका कार्यक्रमलाई सहयोग पुग्ने लक्ष्य लिएको बताउनुभयो।

महानगरका प्रमुख प्रशासकीय अधिकृत महेश बरालले महानगर नगरवासीको आशा र भरोसा अनि विकासको केन्द्रविन्दु भएको जनाउँदै योजनाको प्राथमिकरणमा विशेष ध्यान दिएर बलियो दस्तावेज बनाउन कार्यशाला गोष्ठि महत्वपूर्ण रहेको बताउनुभयो। उहाँका अनुसार राष्ट्रिय योजना आयोगले तयार गरेको मार्गनिर्देशन अनुसार ३५ वटा योजनाका विषयहरु र त्यसका विषयगत क्षेत्रहरुलाई समेटेर तयार गरिएको छ। गोष्ठिमा पर्यटन अध्येता श्रीकान्त खतिवडा, सुदृढ नेपाल परियोजनाका सहजकर्ता दामोदर गिरि , परियोजनाका सल्लाहकार कृष्ण ज्ञवाली लगायतले सम्बन्धित विषयबस्तु माथि प्रस्तुतीकरण राख्नु भएको थियो।

कार्यक्रममा महानगरका सम्बन्धित विषय महाशाखा प्रमुख, वडा अध्यक्ष कार्यपालिका सदस्य विज्ञटोली बीच विषयगत रुपमा छलफल गराएर सुझाव संकलन गरिएको थियो । आयोगले तयार गरेको योजनालाई अन्तिम स्वरुप प्रदान गर्न उपमेयरको संयोजकत्वममा गठित योजना सहजीकरण समितिले अध्ययन गरी सुझाव समेत पेश गरेको थियो ।

## गण्डकी सरकारलाई स्वास्थ्य सामग्री

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ भदौ**



गण्डकी प्रदेश सरकारलाई प्रतिमान निमा स्मृति प्रतिष्ठानले कोभिडसँग सम्बन्धित स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । प्रतिष्ठानलाई अमेरिकाबाट प्राप्त स्वास्थ्य सामग्री प्रतिष्ठानकी कार्यकारी निर्देशन स्वाती थापाले मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई हस्तान्तरण गरिन् । झण्डै ८५ लाख रुपैयाँ बरारबरका ती सामग्री मुख्यमन्त्री पोखरेलले स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारी गुरुङलाई प्रदान गरे।

गाउन आइसोलेसन, फेस सिल्ड, मास्क, एन ९५ मास्क, डिजिटल थर्मोमिटर, पिपिई सेट, इमर्जेन्सी रिलिफ बेड, पञ्जा लगायतका सामग्री प्रतिष्ठानले सरकारलाई प्रदान गरेको हो । कार्यक्रममा मुख्यमन्त्री पोखरेलले विश्वभर कोभिड १९ को महामारी फैलिइरहेका बेलामा प्राप्त सहयोगको ठूलो महत्व हुने भनाइ राखे । प्राप्त सामग्रीको उचित सदुपयोग गर्न मुख्यमन्त्री पोखरेलले स्वास्थ्य तथा जनसंख्या मन्त्रीलाई निर्देशन समेत दिए । सिमित स्रोत साधनबाट प्रदेश सरकार सञ्चालित भइरहेको अवस्थामा दातृ निकाय, छिमेकी र मित्र राष्ट्र, विभिन्न संघ संस्थाको सहयोगबाट कोभिड नियन्त्रण र रोकथामका काम गर्दै आएको उनको भनाइ थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारी गुरुङले कोरोनाले आक्रान्त बनाएका बेला प्राप्त सहयोगको अधिकतम सदुपयोग गर्ने प्रतिबद्धता जनाइन्।

प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मीले विदेशबाट प्राप्त हुने सहयोग अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल हुनुपर्ने बताए । कार्यक्रममा प्रतिष्ठानकी कार्यकारी निर्देशक स्वाती थापाले पूर्वमन्त्री दीपक बोहोरा र उहाँकी दिदी पूर्व स्वास्थ्य विशेष सचिव विजया केसीले मातापिताका नाममा संस्था स्थापना गरेको जानकारी गराइन् । अहिले प्रतिष्ठानको अध्यक्ष केसी र उपाध्यक्ष बोहोरो छन् । प्रतिष्ठानले अमेरिकाका विभिन्न संस्थासँग पहल गरी स्वास्थ्य सामग्री मगाएको उनले बताइन्। झन्डै ५ करोडका सामग्री चार्टर फ्लाइटमा नेपाल ल्याइएको हो । कार्यकारी निर्देशक थापाका अनुसार सातवटै प्रदेशमा यी सामग्री वितरण गर्ने कार्यक्रम छ। २०६० सालामा स्थापित प्रतिष्ठानले स्वास्थ्य शिक्षाको क्षेत्रमा काम गर्दै आएको छ । विश्वमा नाम चलेका विश्वविद्यालयसँगको सहकार्यमा अनुसन्धानको काम समेत प्रतिष्ठानले गर्दै आएको छ । हस्तान्तरण कार्यक्रममा प्रदेशका स्वास्थ्य सचिव विनोदबिन्दु शर्मा, राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव शरद अधिकारी लगायत उपस्थित थिए।

पोखरा ईन्जिनियरिङ्ग कलेजको नयाँ भर्ना सम्बन्धि सूचना !

प्राविधिक ईन्जिनियरिङ्ग शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस पोखरा ईन्जिनियरिङ्ग कलेजमा नयाँ शैक्षिक शत्र २०७८/७९ को लागि निम्न विषयहरूमा भर्ना खुल्यो ।

कार्यक्रमहरु:
❖ Diploma in Computer Engineering (Overseer) 3 yrs
❖ Diploma in Civil Engineering (Overseer) 3 yrs
आवश्यक न्यूनतम योग्यता : SEE मा Math र Science मा C र अंग्रेजीमा D+ वा सो सरह।
❖ Pre-Diploma in Civil Engineering (18 months) को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने।
फारम बुझाउने अन्तिम मिति : २०७८ भाद्र १८ गते शुक्रबार सम्म मात्र।
नोट: जनजाति, महिला, दलित, मधेसी, दुर्गम, विपन्न, पिछडा वर्ग र उत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ्ग कलेज
फिर्के-८ पोखरा, फोन नं.०६१-५२५९२६, ५३१२०९, ५२८५३०
www.pec.edu.np

## कृषि क्रान्ति गर्न युवा संगठित हुन अर्थमन्त्री बरालको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ भदौ**



गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल (जीवन) ले कृषि क्रान्ति गर्न युवा संगठित हुन हुनुपर्ने बताउनु भएको छ । योङ कम्युनिष्ट लिग (वाईसिएल) पोखरा २२ को भेला एवं सम्मेलनको उद्घाटन गर्दै मन्त्री बरालले कृषि क्रान्ति गर्न अब युवाहरु एक भई सामुहिक रुपमा कृषि उत्पादनमा लाग्नु पर्ने बताउनु भएको हो।

उहाँले भन्नु भयो "अबका युवाहरु सामुहिक उद्योग तथा व्यवसाय एवं उत्पादनमा जोडिनु पर्छ, देशमा उत्पादनमा आत्मनिर्भर नभई आर्थिक विकास सम्भव हुदैन् ।" आर्थिक कायपलट गर्न व्यक्तिको मात्र नभई समाज र राष्ट्रको हितमा काम गर्नुपर्ने मन्त्री बरालको भनाई छ। हिन्दु धर्म भित्र राजतन्त्र लुकेको मन्त्री बरालको दाबी छ। राजतन्त्रलाई पुनः पुनस्थापना गर्ने केही प्रयास भए पनि त्यसका बिरुद्ध अब युवा संगठन एक भई देश र विदेशमा रहेका बैरीहरुलाई एक पटक सन्देस दिन आवश्यक भएको मन्त्री बरालले बताउनु भयो। पहिलाको जनमुक्ति सेनालाई अब फर्मेसन गर्दै ठुला बिग्रेड बनायर जानुपर्ने अबस्था आएको उहाँको भनाई थियो । माओबादी केन्द्र गण्डकी प्रदेश सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले माओबादीले नेपाली जनताको सिर झुक्ने काम नगरेको दाबी गर्नु भयो । उहाँले भन्नु भयो"हामीले वाई.सि.एल.लाई उत्पादन सेना बनाउन सकेनौं, केही युवामा भ्रम परेको छ, त्यसलाई तोड्दै अब उत्पादनमा केन्द्रित हुनुपर्छ ।" अबका युवाहरुलाई राजनीतिसंगै व्यवसायमा संलग्न गराउनु पर्ने उहाँको भनाई थियो । वाई.सि.एल.का केन्द्रिय सचिव विनय थापाले यही भदौं १२ र १३ गते काठमाडौंमा सेमिभर्चुअलको रुपमा वाईसिएलको भेला हुने भएको बताए। कोभिड १९ लगायतको परि स्थितीले गर्दा हाल धेरै भिडभाड र जम्काभेट गर्न नसकिएको उनले जनाए।

नेकपा माओबोदी केन्द्र पोखरा २२ का इन्चार्ज त्रिभुवन पौडेलले संगठन विस्तार गर्न आफ्नो क्षेत्रबाट भरपूर्ण रुपमा सहयोग हुने विश्वास दिलाय । नेकपा माओबादी केन्द्र पोखरा २२ का अध्यक्ष चण्डीका प्रसाद बरालले पोखरा २२ को आधारभूत विकासको लागि सवै एक जुट हुनुपर्नेमा जोड दिए । वाईसिएल पोखरा २२ का अध्यक्ष हेमराज बरालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# राष्ट्रिय खेलकुद: पूर्वाधार निर्माणलाई बजेट

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ भदौ**

गण्डकी प्रदेशमा गत वर्षको फागुनमा तय भएको नवौँ राष्ट्रिय खेलकुद कोरोना भाइरसको महामारीका कारण आयोजना हुन सकेन।

विसं २०७६ वैशाखमा लुम्बिनी प्रदेशमा आठौँ राष्ट्रिय खेलकुदको समापनपछि नवौँ आयोजनाको जिम्मेवारी गण्डकीले पाएको थियो। अघिल्लो वर्ष कोरोनाले प्रतियोगिता रोकिएकाले यस वर्ष आयोजना गर्ने योजना राष्ट्रिय खेलकुद परिषद् (राखेप) को छ। प्रतियोगिताको आयोजना कोभिड-१९ को प्रभावमा निर्भर रहने राखेपले जनाएको छ। प्रतियोगिता यसै वर्ष हुने/नहुने यकिन नभए पनि प्रतियोगिता लक्ष्य गरेर खेल पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरिएको छ। राष्ट्रिय खेलकुदको मुख्य आयोजनास्थल पोखरा रङ्गशालासहित प्रदेशका अन्य जिल्लामा खेल पूर्वाधार निर्माणका लागि रु १६ करोड ४५ लाख बजेट विनियोजन गरिएको क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले जानकारी दिनुभयो। कूल विनियोजित बजेटमा पोखरा रङ्गशालामा मात्रै रु १५ करोड छ। पोखरा रङ्गशालाभित्र हिटिङ स्वीमिङ पुल (पौडी पोखरी)का लागि रु छ करोड बजेट यस वर्ष परेको छ। सुटिङका लागि रु दुई करोड विनियोजन गरिएको छ। यसैगरी फुटबल स्टेडियममा 'फ्लड लाइट' जडानका लागि रु पाँच करोड, रङ्गशालामा होभरहेड ट्याङ्की रु एक करोड र पोखरा क्रिकेट मैदानका लागि रु एक करोड यस वर्ष राखेपको रातो किताबमा परेको कार्यालय प्रमुख योगीले जानकारी दिनुभयो।

"कोरोनाका कारण गत वर्ष सम्पन्न हुन नसकेको राष्ट्रिय खेलकुद यस वर्ष सम्पन्न गर्ने योजना राखेपको छ", योगीले भन्नुभयो, "सोहीअनुसार खेल पूर्वाधार निर्माणका लागि बजेट विनियोजन भएको छ, छिट्टै बोलपत्र आह्वान भएर कार्यान्वयन गर्छौं।" पोखरा रङ्गशालामा अधिकांश खेलका पूर्वाधार तयारी अवस्थामा रहेकाले पनि प्रतियोगिता आयोजनालाई समस्या नपर्ने बताइन्छ। पौडी पोखरी, सुटिङ र हक्कीबाहेका अन्य खेलका पूर्वाधारको समस्या पोखरामा छैन।

राष्ट्रिय खेलकुदका लागि पूर्वाधार निर्माणमा बजेट अभाव भएमा यसबाहेक पनि थप बजेट प्राप्त हुने योगीको भनाइ छ। नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता मर्मत तथा निर्माण शीर्षकमा रु ५० लाख छुट्याइएको छ। गण्डकी प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एउटा खेल सञ्चालन गर्ने राखेपले योजना बनाएको छ। पोखरा रङ्गशालाबाहेक अन्यत्र जिल्लास्तरमा आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि यस वर्ष बजेट छुट्याइएको छ। पर्वत, मनाङ र मुस्ताङमा कभर्डहलका लागि रु १० लाखका दरले बजेट विनियोजन गरिएको छ। स्याङ्जामा खेल पूर्वाधारका लागि रु १० लाख, नवलपरासीको कावासोती रङ्गशालाका लागि रु १० लाख, तनहुँको चिन्नुटार, म्याग्दीको रत्नेचौर, लमजुङको राइनास र गोरखा रङ्गशालाका लागि रु १० लाखका दरले राखेपबाट बजेट विनियोजन भएको क्षेत्रीय खेलकुद विकास समितिले जनाएको छ।

# गाउँपालिकाद्वारा फूल खेती

**पोखरापत्र संवाददाता**
**वालिङ, ८ भदौ**

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले झण्डै २० रोपनी जमिनमा व्यावसायिक फूल खेती शुरुआत गरेको छ।

गाउँपालिकाले व्यावसायिक फूल खेतीमा जोड दिँदै सहज बजारीकरण गरी यहाँका किसानलाई फूल खेतीतर्फ आकर्षित गर्नका लागि दुई ठाउँमा फूल खेती शुरु गरेको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले जानकारीदिनुभयो। वडा नं. ४ को पुछारमा १४ रोपनी र वडा नं. ७ को बारिचौरमा ६ रोपनी जग्गा भाडामा लिई पहिलो चरणमा सयपत्री र मखमली फूलका बिरुवा लगाएको उहाँले बताउनुभयो।

चाडपर्वका समय तथा अन्य कार्यमा बाहिरबाट फूलको आयात गर्नुपर्दा यहाँको अर्थ बाहिरै जाने हुँदा आफ्नै गाउँ ठाउँमा यसको व्यावसायिक खेती गरी आर्थिक आम्दानीको बलियो स्रोतको रुपमा विकास गर्न सकिने भएकाले गाउँपालिकाले नमूनाको रुपमा खेती थालेको उहाँको भनाइ थियो।

अध्यक्ष थापाका अनुसार गाउँपालिकाले सुरु गरे पनि आगामी वर्षबाट बारिचौरस्थित लालीगुराँस घरवासको आर्थिक स्रोतको रुपमा फूल खेती हस्तान्तरण गरिनेछ। घरवासमा आउने आन्तरिक तथा बाह्य पाहुनालाई स्वागतका लागि प्रयोग गरिने फूल त्यहीँ उत्पादन हुने भएपछि स्थानीयलाई आम्दानी र रोजगारी दुवै मिल्ने गाउँपालिकाले जनाएको छ। पालिकाले लालीगुराँस घरवासलाई 'फूलै फूलको होमस्टे' को रुपमा विकास गर्ने योजनासहित अगाडि बढेको अध्यक्ष थापाले बताउनुभयो। गाउँपलिकाले विशेष गरी फूल खेतीको व्यवसायिकतामा जोड दिँदै आर्थिक आम्दानीको दरिलो स्रोतको रुपमा चित्रण गरी स्थानीयलाई फूल खेतीतर्फ प्रेरित गर्न खोजेको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले जानकारीदिनुभयो। ठूला-ठूला बारीका पाटा यसै खेर गइरहेका छन्, बाँझो अवस्थामा छन् तिनीहरुको व्यवस्थापन गरी फूल खेती गर्न सकेको खण्डमा आम्दानी गर्न सकिन्छ भन्ने उदाहरणको रुपमा स्थानीयलाई देखाउन खोजिएको उहाँको भनाइ थियो।

"सयपत्री र मखमली गरी दुई स्थानमा झण्डै १५ हजार बिरुवा लगाइएको छ", उहाँले भन्नुभयो, "विशेष गरी मुख्य चाड दशैं र तिहारलाई लक्षित फूल उत्पादन हुने गरी लगाइएको छ।" स्थानीयले आफ्नै ठाउँमा रोजगारी पाएका छन् भने अर्कोतर्फ उक्त स्थानमा आएर फूल खेतीका बारेमा सीप सिक्ने अवसर पनि प्राप्त गरेका छन्।

यसले गर्दा भोलि ईच्छा हुनेले आफ्नो छुट्टै व्यवसाय सञ्चालन गर्न सक्ने बताइएको छ। बीउ ल्याएर बेर्ना उत्पादन गर्ने र बेर्ना लगाउँदासम्म दुई स्थानमा गरेर झण्डै तीन लाख लागत लागेको छ। "फूल खेतीबाट लगानीको १० गुणासम्म आम्दानी गर्न सकिन्छ", अधिकृत पौडेलले भन्नुभयो, सुरुआत गर्दा तीन लाख लगानी भएको छ भने आम्दानी ३० लाखसम्म हुने अनुमान हाम्रो छ, फूल बिक्रीका लागि विभिन्न शहरका ब्यापारीसित बजारीकरणका लागि छलफल शुरु गरिसकेका छौं।" पहिलो चरणमा गाउँपालिकाले नमूनाको रुपमा स्थानीयलाई फूल खेती गर्नतर्फ प्रेरित गरे पनि आगामी वर्षबाट पालिकाले नगरेर स्थानीयलाई प्रविधि, सीप, तालिम तथा आवश्यक सहयोग हस्तान्तरण गर्दै जाने गाउँपालिकाको लक्ष्य छ।

# दुर्घटनामा परी दुईको मृत्यु, एक बेपत्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ भदौं**

कास्कीको विभिन्न स्थानमा भएको दुर्घटनामा परी दुई युवकको मृत्यु भएको छ भने एक बालिका बेपत्ता भएकी छन्।

प्रदेश प्रहरी कार्यालय गण्डकीका अनुसार पोखरा महानगरपालिका-१६ लामाचौरस्थित गण्डकी बोर्डिङ स्कुलको स्टाप क्वाटरको छतबाट खस्दा स्थानीयवासी ४० वर्षीय शङ्कर थापाको निधन भएको हो। छतको टिन मर्मत गर्ने क्रममा अचानक खसेर घाइते भएका उनको पोखरास्थित फिस्टेल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। त्यस्तै पोखराको नागढुङ्गामा ग२०प ६०७५ नम्बरको मोटरसाइकल र ग१य ११७१ नम्बरको गाडी एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ। सवारी दुर्घटनामा परी मोटरसाइकल चालक पोखरा-१७ विरौटा बस्ने १९ वर्षीय कृष्ण देवकोटाको मृत्यु भएको हो। दुर्घटनामा परी गम्भीर घाइते भएका उनको उपचारका क्रममा चरक मेमोरियल अस्पताल पोखरामा मृत्यु भएको प्रहरीले जनाएको छ।

गाडी चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जनाइएको छ। प्रहरीका अनुसार मंगलबार बिहान पोखरा-२६ कालिकाचोकस्थित नहरले बगाउँदा एक बालिका बेपत्ता भएकी छन्। सोलुखुम्बु घर भई हाल पोखरा-२६ बूढीबजार बस्ने ११ वर्षीया दीपशिका भुजेल खेल्ने क्रममा अचानक नहरमा खस्दा बेपत्ता भएकी हुन्। उनको खोजी कार्यलाई तीव्रता दिएको प्रहरीको भनाइ छ।

# असन्तुष्ट...

केन्द्रीय प्रशिक्षकको उपस्थितिमा सबै जिल्लामा कार्यकर्ता भेला र जनसङ्गठनको केन्द्रीय कार्यकर्ताको भेला आयोजना गरिने पनि निर्णय भएको छ। महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजबारे छलफल गर्न यही भदौ २५ र २६ स्थायी कमिटी र २७ गते केन्द्रीय कमिटीको बैठक आयोजना हुनेछ। त्यसअघि यही भदौ १० गते केन्द्रीय कमिटीको बैठक आयोजना हुनेछ। यसअघि आज बिहान ११ बजे बस्ने भनिएको स्थायी कमिटीको बैठक थप तयारीसहित दिउँसो ३ बजे बसेको हो। सोमबार एमालेका अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा र मध्यमार्गी धारमा रहेका स्थायी कमिटीका सदस्यको छलफलपछि १० बुँदे सहमतिको सिफारिस कार्यान्वयनलगायतका विषयमा छलफल गर्न आज बैठक गर्ने समझदारी भएको थियो।

पार्टीमा दोस्रो तहका १० नेता सम्मिलित कार्यदलले दिएको सुझाव प्रतिवेदनमा वरिष्ठ नेता नेपालले शक्ति बाँडफाँट र विगतमा भएका कमजोरीलाई नेतृत्वले महसुस गर्नुपर्नेलगायत अडान राखेपछि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको थिएन। अध्यक्ष ओलीले पनि आफ्नो नेतृत्वको सरकारलाई हटाएर विपक्षी गठबन्धन बनाएर नयाँ सरकार गठनका लागि हस्ताक्षर र सर्वोच्च अदालतमा पुग्ने जस्ता नेपाल पक्षका कार्य क्षम्य नहुने जनाउँदै आउनुभएको थियो।

नेता नेपालले यही भदौ २ गते नयाँ पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिनुभएको थियो। सो निवेदनमाथि यही भदौ ९ गते सनाखत हुने तय भएको छ। एमालेले नेता नेपालसहित १४ प्रतिनिधिसभा सदस्यलाई पदमुक्त गर्न सङ्घीय संसद् सचिवालयमा यही भदौ १ गते पत्र पठाएको थियो। आजको बैठकले एकता प्रक्रियामा सामेल भएमा कुनै पूर्वाग्रह र कारबाही नगरिने निर्णय गरेको नेता ज्ञवालीले जानकारी दिनुभयो। प्रतिनिधिसभाको विघटन र पुनःस्थापना, नेकपाभित्रको विवाद, एमाले र नेकपा (माओवादी केन्द्र)लाई पूर्ववत् स्थितिमा फर्काउने सर्वोच्च अदालतको फैसलायताका घटनामा एमालेभित्र विवाद उत्पन्न हुँदै आएको थियो। एमालेका अध्यक्ष ओली र वरिष्ठ नेता नेपालबीच गत जेठ २ गतेको सहमतिका आधारमा गठित १० सदस्यीय कार्यदलमा संसदीय दलका उपनेता नेम्वाङ, उपाध्यक्ष डा रावलसहित हुनुहुन्थ्यो। आजको बैठकका निर्णय र यसको दूरगामी परिणाम, समसामयिक राजनीतिक प्रभाव र राजनीतिक स्थितिबारे जानकारी दिन बुधबार पार्टीका अध्यक्ष ओलीलगायत नेताको उपस्थितिमा पत्रकार सम्मेलन गरिने एमालेले जनाएको छ।

# भूतपूर्व खेलाडी मञ्चको साधारण सभा आश्विन ३ गते हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ भदौ**

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था भूतपुर्व खेलाडी मञ्चको साधारण सभा तथा अधिवेशन आश्विन ३ गते हुने भएको छ।

मञ्चको मंगालबार सम्पन्न बैठकले आश्विन ३ गते आइतबारका दिन साधारण सभा तथा अधिवेशन गर्ने निर्णय गरेको हो। मञ्चका कार्यबाहक अध्यक्ष हरि प्रसाद पराजुलीका अनुसार बैठकले अधिवेशन सम्पन्न गर्नका लागि निर्वाचन समिती तथा विधान संसोधन समिती समेत गठन गरेको छ।




बैठकमा प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव एवम मञ्चका अध्यक्ष तेज बहादुर गुरुङ, मञ्चका संस्थापक अध्यक्ष खड्ग रानाभाट, मञ्चका द्वितिय उपाध्यक्ष तथा प्रखेप गण्डकीका कार्यकारी सदस्य दिल बहादुर गुरुङ, मञ्चका आजिवन सदस्य तथा सहारा युकेका वरिष्ठ सल्लाहाकार महेश गुरुङ लगायतको सहभागिता रहेको थियो।

# दुई हजार ५२५ संक्रमित, ३५ को मृत्यु

**रासस**
**काठमाडौं, ८ भदौ**

पछिल्लो २४ घण्टामा दुई हजार ५२५ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। योसँगै नेपालमा संक्रमितको संख्या आठ लाख ३१ हजार ९६८ पुगेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नौ हजार ९०९ जनाको पीसीआर परीक्षणमा दुई हजार २० तथा चार हजार ९०१ जनाको एन्टिजेन परीक्षणमा ५०५ जना गरी कूल दुई हजार ५२५ जनामा संक्रमण पुष्टि भएको हो। पछिल्लो २४ घण्टामा दुई हजार ८६ जना कोरोना भाइरस संक्रमणमुक्त भएका छन्। योसँगै हालसम्म नेपालमा सात लाख दुई हजार १८३ जना संक्रमणमुक्त भएका छन्। नेपालमा संक्रमणमुक्त हुने दर ९३ दशमलव पाँच प्रतिशत रहेको छ। हाल देशभर सक्रिय संक्रमितको संख्या ३८ हजार २५० रहेको छ। देशभर ६२० संक्रमितको सघन उपचार कक्षमा तथा १७० संक्रमितको भेन्टिलेटरमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ। यसैगरी कोरोनाविरुद्धको पहिलो खोप लगाउनेको संख्या ४९ लाख ४३ हजार ७३२ तथा पूर्ण मात्रा खोप लगाउनेको संख्या ३८ लाख ५७ हजार ५९८ पुगेको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा नेपालमा कोरोना भाइरस संक्रमणबाट थप ३५ जनाको मृत्यु भएको छ। योसँगै कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या १० हजार ५६८ पुगेको मन्त्रालयले जनाएको छ।






# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाट्टुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो । मेरो विचारमा त सबै धर्म त्यसमै छ । – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# एमालेको एकताको सन्देश

पुस ७ गतेदेखि पार्टीमा असन्तुष्ट रहँदै आएका १० नेतासहितको उपस्थितिमा मंगलबार भएको नेकपा (एमाले) को स्थायी कमिटी बैठकले आन्तरिक एकता सुदृढीकरणका लागि नयाँ सन्देश दिएको छ । पार्टीभित्रको आन्तरिक समस्या समाधानका लागि गत असार २७ गते कार्यदलस्तरमा भएको १० बुँदे सहमतिलाई कार्यान्वयनको ठोस आधार तय गर्दै पार्टीलाई नेकपा (माओवादी केन्द्र) सँगको एकतापूर्वको सांगठनिक संरचनाका आधारमा सञ्चालन गर्न बैठकले निर्देशित गरेको छाअसन्तुष्ट नेताहरूले २०७५ जेठ २ गतेको अवस्थामा फर्काउन माग गरेका थिए । जेठ २ को अवस्थामा पहिल्यै जान नसक्दा सग्लो एमाले रहन सकेको छैन । वरिष्ठ नेता माधवकुमार नेपालले नयाँ दल दर्ता गर्ने अवस्था आउन नदिन एमाले अध्यक्ष केपी शर्मा ओली चुकेका छन ।

पार्टीमा वरिष्ठ नेता माधवकुमार नेपाललगायत नेताले एमाले छाडेर नेकपा (एकीकृत समाजवादी) दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएको अवस्थामा गरिएको एकताको आव्हान ढिला भएको छा नेता नेपाल पक्षमा रहेका स्थायी कमिटीका १० र माओवादी केन्द्रबाट एमालेमा सामेल रामबहादुर थापासहितका सहभागी बैठकले नयाँ दल दर्ताको प्रक्रियामा रहेका नेता कार्यकर्तालाई मूलघरमै फर्किन आह्वान गरेपनि विहे गर्न ठिक्क परेका जोडिलाई रोक्न खोज्नु जस्तै हो । हुनत राजनीतिमा असम्भव केही हुदैन भनिन्छ । सर्वोच्च अदालतले फागुन २३ गते एमाले र माओवादी केन्द्र ब्यूउताई दिएपछि एमालेको आधा हिस्सा बैठकमा उपस्थित भएको थिएन ।बरु समानान्तर कमिटीको चलाउँदै आएको थियो । मंगलबार च्यासलस्थित तुल्सीलाल स्मृति भवनमा भएको बैठकपछि अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्षहरु युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, डा भीमबहादुर रावल, महासचिव ईश्वर पोखरेल, उपमहासचिव घनश्याम भुसाल, स्थायी कमिटी सदस्य थापालगायतका नेताले सञ्चारकर्मीमाझ प्रस्तुत भई सामूहिक तस्बिर खिचाएका थिए ।

बैठक 'ऐतिहासिक भएको भन्दै कार्यकर्ताले सामाजिक सन्जालमा खुशी प्रकट गरेका छन । पार्टीमा एकताको सन्देश प्रवाह भएको मात्र छैन सांगठनिक गतिविधि चलायमान बनाउने निर्णय भएको छ । बैठकले १० औं राष्ट्रिय महाधिवेशनको मिति आगामी मङ्सिर १० देखि १२ गतेसम्म तथा विधान महाधिवेशन आगामी असोज ४ देखि ६ गते काठमाडौंमा गर्ने निर्णय गरेको छ । त्यसपूर्व सदस्यता नवीकरण, वडा र पालिकास्तरका अधिवेशन, विधान महाधिवेशनलगायतका कार्यतालिकालाई संशोधन गरेको छ । यस अघि भएका निर्णय रोक्न माग गर्नेहरु आफै सहभागी भएपछि फटाफट अघि बढाउन तयार हुनु सामुहिक भावनाअनुरूप चल्नुपर्छ भन्ने सन्देश हो । बैठकले पार्टीका केन्द्रीय कमिटी, निकाय, प्रदेश समन्वय कमिटी, जिल्ला कमिटी, स्थानीय तह कमिटी जनसंगठनलगायत सबै कमिटीमा रहेका पदाधिकारीलाई २०७५ जेठ २ गते पूर्वको जिम्मेवारीमा क्रियाशील हुन निर्देशन दिएको छ । दस बुँदे प्रस्तावमा आधारित निर्णय कार्यान्वयन गर्ने क्रममा उत्पन्न हुनसक्ने समस्या समाधान तथा केन्द्रीय कमिटीका मनोनयन गरिने १० प्रतिशत सदस्यको सिफारिस गर्न एक कार्यदल गठन गरिएको छ । यी निर्णय कार्यान्वयनका लागि गत असार २७ गतेको १० बुँदे प्रस्तावलाई सन्दर्भ सामग्रीका रुपमा मातहतका कमिटीमा पठाइने भएको छ ।

१० बुँदे सहमति कार्यान्वयनका लागि महासचिव ईश्वर पोखरेल, उपाध्यक्ष डा भीम रावल, उपमहासचिव विष्णु पौडेल र घनश्याम भुसाल, स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे र लेखराज भट्ट रहेको कार्यदल गठन गरेको छ । बैठकले २०७५ साल जेठ २ गते सदस्यतालाई आधार मानेर एकीकरणका क्रममा आबद्ध भएका सदस्यसमेतको पार्टी सदस्यता नवीकरण अगाडि बढाइने र २०७५ साल जेठ ३ पछि दिइएका नयाँ सदस्यको पनि नवीकरण असोज मसान्तसम्म गर्ने निर्णय गरेको छाकेन्द्रीय कमिटीको बैठक भदौ १०गते आयोजना गरिएको छ । पार्टीका स्थानीय कमिटीलाई व्यवस्थित गर्न देशैभर २०७८ साल कात्तिक ६ गते वडा अधिवेशन र कात्तिक ९ गते पालिका वा सोसरहका कमिटीको अधिवेशन गर्ने तथा पार्टीको पछिल्लो निर्णय सम्प्रेषण गर्न यही भदौ १६ देखि २० सम्म केन्द्रीय प्रशिक्षकको उपस्थितिमा सबै जिल्लामा कार्यकर्ता भेला र जनसंगठनको केन्द्रीय कार्यकर्ताको भेला आयोजना गरिने पनि निर्णय भएको छ ।

महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजबारे छलफल गर्न यही भदौ २५ र २६ स्थायी कमिटी र २७ गते केन्द्रीय कमिटीको बैठक आयोजना हुनेछ । पार्टी विभाजन हुन रोक्न नसके पनि फिर्ता आउनेलाई कार्वाही नगर्ने र पार्टीमा स्वागत गर्ने निर्णयमा पुग्नु लचकता हो । पार्टीमा दोस्रो तहका १० नेता सम्मिलित कार्यदलले दिएको सुझाव प्रतिवेदनमा वरिष्ठ नेता नेपालले शक्ति बाँडफाँट र विगतमा भएका कमजोरीलाई नेतृत्वले महसुस गर्नुपर्नेलगायत अडान राखेपछि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको थिएन । अध्यक्ष ओलीले पनि आफ्नो नेतृत्वको सरकारलाई हटाएर विपक्षी गठबन्धन बनाएर नयाँ सरकार गठनका लागि हस्ताक्षर र सर्वोच्च अदालतमा पुग्ने जस्ता नेपाल पक्षका कार्य क्षम्य नहुने जनाउँदै आएका थिए ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : सत्कार मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : आर्थिक समस्या |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : सहयोग मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# हिमालय पथप्रदर्शकको प्रमाणपत्र नहुँदा आरोहीलाई सास्ती

–जमुना वर्षा शर्मा
पोखरा, ८ भदौ

आङ फुर्वा शेर्पाले हिमाल आरोहणको अनुभव बटुल्न थालेको १४ वर्ष भयो । उहाँसँग विश्वको अग्लो हिमाल सगरमाथा १० पटक चढिसकेको अनुभव छ । शेर्पा हालै विश्वको दोस्रो हिमाल केटु हिमालको सफल आरोहणपछि पोखराको लेकसाइडस्थित स्नो ल्याण्ड होटलमा भेटिनुभयो । साथमा १० जना आरोही पनि थिए । उहाँ आरोहण दलको नेता । १९ वर्षको उमेरमा पहिलोपल्ट सगरमाथा हिमाल चढ्नुभएका शेर्पाले अहिलेसम्म आठ हजार मिटर अग्ला पाँच वटासहित दर्जन बढी हिमाल आरोहण गरिसक्नुभएको छ । हिमालय पथप्रदर्शकको परिचय पत्र भने अझै पाउन सक्नुभएको छैन ।

उहाँ भन्नुहुन्छ, "हामी दर्जन बढी हिमाल चढिसक्यौं । हाम्रो पेशा नै हिमाल चढ्ने र अरुलाई चढाउने हो तर पनि माउण्टेन गाइडको परिचय पत्र दिन आनाकानी गरिएको छ । यसले बेलाबेला समस्या सिर्जना गर्दोरहेछ ।" उहाँले भन्नुभयो, "जीवनलाई जोखिममा राखेर रमाउने बानी परेर होला हिमाल आरोह अवरोहका कठिनाइ सामान्य लाग्छन् तर बेला बेलामा आरोहीको प्रमाण माग्दा र देखाउन नसक्दा भने कहिलेकाहीँ खिन्न लाग्ने गर्दछ ।"

हिमालयन गाइड्स नेपालमा आबद्ध भएर माउण्टेनियरिङ्ग गाइड गर्दै आउनुभएका उहाँले हालसम्म १५ बढी विदेशी टोलीलाई सगरमाथा, केटु लगायतका हिमालको सफल आरोहण गराइसक्न भएको छ । उहाँ सुनाउनुहुन्छ, "विदेशमा आरोही हौं भन्दा सम्मान पाउँछौ तर आफ्नै देशमा बेलाबेला निकै दुःख पाइन्छ । परिचयपत्र खोजिन्छ तर सरकारले दिँदैन", उहाँले पछिल्लो अनुभव सुनाउँदै भन्नुभयो । "हालै केटु हिमाल आरोहणमा जाँदा हामीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका कर्मचारी र प्रहरीबाट अवरोध भयो, केरकार बढी गरियो र रोकियो ।" शेर्पाले भन्नुभयो, "हामीले आरोही हौं, भनेर भन्दा पनि उहाँहरुले तपाई आरोही भन्ने प्रमाण के छ ? प्रमाण देखाउनुस् भन्नुभयो, करिब दुई घण्टा रोकेर तीन पेज लामो कागज बनाएर मात्र छोडियो ।" परिचयपत्र नहुँदा गुगलमा नाम सर्च गरेर फोटो समाचार देखाउनुपरेको अनुभवसमेत उहाँसँग छ । "पाकिस्तानको इमिग्रेशनमा हामीलाई सामान्य जाँचपछि छाडियो तर आफ्नो देशमा घण्टौं रोकियो ।" शेर्पा भन्नुहुन्छ, "आठ हजार मिटर अग्ला हिमाल चढेका व्यावसायिक आरोहीहरुलाई हिमालय पथप्रदर्शकको प्रमाणपत्र सरकारले सहज व्यवस्था गरिदिए हुने थियो ।" उहाँले नेपाल माउण्टेनको देश भनेर विश्वमा चिनिए पनि पर्वतारोहण पर्यटनलाई सरकारले प्राथमिकता दिन नसकेको भन्दै प्राथमिकतमा राखेर कार्यक्रम ल्याउनसमेत सुझाव दिनुभयो । अग्लो हिमाल सगरमाथा भए पनि आरोहणका हिसाबले दोस्रो अग्लो हिमाल केटु भने निकै जोखिम रहेको उहाँ अनुभव छ । "केटु आरोहण चार पटकको प्रयासमा दुई पटक सफल भयो । अरु हिमाल एक पटकमा आरोहण सफल भएको थियो ।" पाकिस्तानमा पर्ने आठ हजा ६११ मिटर अग्लो केटुमा हावा अत्याधिक चल्ने र 'रफ फलिङ' बढी हुने भएकाले निकै चुनौती मानिन्छ । उहाँले तुलनात्मक रुपमा केटुमा ज्यानलाई जोखिममै राखेर आरोहण गर्नुपरेको अनुभव समेत सुनाउनुभयो ।

यसपालिको आरोहण अमेरिकन लगायतको नौ जनाको टोलीलाई आरोहणको गाइडको रुपमा उहाँको टोली केटु चुचुरोमा पुगेको थियो । आङफुर्वा शेर्पाको टोलिमा, सिद्धिबहादुर तामाङ, दोर्जे ग्याल्जेन शेर्पा, पासढावा शेर्पा, कामदोर्जी शेर्पा, मिङदोर्जे शेर्पा, दावा नुपु शेर्पा, लाक्पा ओङ्चु शेर्पा, मिङमार शेर्पा र कम्पनीका म्यानेजर भोला पौडेल सहभागी थिए । करिब दुई घण्टा चुचुरोमा बसेर फर्किएको उहाँको टोलीले बाटोमा तीन चार जनाको शवसमेत देखेको सुनाउनुभयो । सन् २००९ देखि म्याडिसन हिमालयन गाइड्स नेपाल कम्पनीसँग आबद्ध रहेर व्यावसायिक आरोहणमा सक्रिय शेर्पा नेपालको सुन्दरता हिमालमा लुकेको र यसको प्रचारप्रसारलाई विस्तार गर्न सके देशको अर्थतन्त्रमा उल्लेख्य सहयोग पुग्ने विश्वास व्यक्त गर्नुहुन्छ । उहाँकै टोलीमा रहनुभएका सोलुखुम्बुका दोर्जे ग्लाल्जेन शेर्पा पनि व्यावसायिक आरोही हुनुहुन्छ । उमेरले ३८ वर्ष पुग्नुभएका ग्याल्जेनसँग १९ पटकसम्म सगरमाथा आरोहण गरेको अनुभव छ । तर उहाँसँग पनि माउण्टेन गाइडको लाइसेन्स छैन । केटु हिमाल पहिलोपल्ट आरोहण गर्न सफल उहाँले हिमाल आरोहण चुनौतीपूर्ण पेशा भएको बताउनुहुन्छ । "जीवनको भर हुँदैन, यो कठिन काम हो, तर पनि यहि चुनौतिसँग नै जीवन चलिरहेको छ ।" धैरे पल्ट सगरमाथा लगायताका अन्य हिमाल आरोहणको अनुभवले अहिले आत्मविश्वास बढ्दै गएको उहाँ सुनाउनुहुन्छ ।

उहाँको पनि एउटै माग छ सरकारले दर्जनौं पटक एभरेष्ट चढेकालाई विना झण्झट हिमालय पथप्रदर्शकको लाइसेन्स देओस् । उक्त टोलीमा कान्छा मानिने २५ वर्षीय मिङ्गदोर्जे शेर्पाले २१ वर्षको उमेरमा सगरमाथा आरोहण गरेर व्यावसायिक आरोही यात्रा शुरु गरेको बताउनुभयो । अहिले हिमालयन गाइड्स नेपालमा जोडिएर आरोहण पेशामा संलग्न उहाँ सरकारले छिटै नीति ल्याएर माउण्टेन गाइडको रुपमा समेट्न आग्रह गर्नुभयो । हिमालयन गाइड्स नेपाल नामक संस्थाले अहिले विदेशीहरुलाई हिमाल आरोहण गराउँदै आएको छ । कम्पनीका म्यानेजर भोला पौडेलले कम्पनीमा पर्यटन विभागबाट २०० बढी हाइ अल्टिच्यूट पोर्टरको मान्यता पाएका आरोही रहेको बताउनुभयो । सरकारबाट हिमालय पथप्रदर्शकको प्रमाणपत्र पाउन नसक्दा दर्जनौं पटक माउण्ट एभरेष्ट चढेका व्यावसायिक आरोहीलाई अन्याय भएको उहाँको भनाइ छ । "एउटा निश्चित मापदण्ड पूरा गरेर निरन्तर हिमाल आरोहण गरिरहेकालाई सहज रुपमा हिमालय पथप्रदर्शकको प्रमाणपत्र दिनुपर्छ भन्ने हाम्रो माग हो ।" पौडेलले कोरोनापछि आरोहण गर्ने विदेशीको सङ्ख्या १० प्रतिशतमा झरेको सुनाउनुभयो । "अहिले पनि हिमाल आरोहणका लागि थुप्रै विदेशीहरुको ' इन्क्वायरी' आउने गरेको छ तर नेपाल आउने क्वारेन्टिन बस्नुपर्ने लगायतका झझण्टले पर्यटकलाई निराश बनाएको छ ।" उहाँले डबल डोज खोप लगाएका र पीसीआर नेगेटिभ आएका पर्यटकलाई आरोहणका लागि सहज बनाउनुपर्ने बताउनुभो ।

उहाँका अनुसार आठहजार मिटर अग्ला हिमालको लागि अप्रिल र मे महिना अरु हिमालका लागि सेप्टेम्बर, अक्टुबर नोभेम्बर महिना उपयुक्त मानिन्छ । एक जना विदेशीका लागि कम्तीमा ३५ हजार डलर देखि ९० हजार डलरसम्म हिमाल आरोहणको लागि खर्च लाग्ने गरेको छ । नेपाल पर्वतारोहण सङ्घ (एनएमए) का महासचिव कुलबहादुर गुरुङले आरोहीको कार्य अनुभवलाई तीन तहमा विभाजन गरी ब्लाक बुक, ब्लु बुक र रेड बुक जारी गर्दै आएको जानकारी दिनुभयो । "बेसक्याम्पमा बसेर क्लाइम्बिङ सपोर्टरको काम गरेको तीन वर्ष पछि ब्लु बुक दिने त्यसको पनि तीन वर्ष पूरा भएपछि रातो बुक जारी गर्दछौं ।" उहाँले समयानुसार यस बुकमा पनि परिस्कृत र परिमार्जीत बनाएर जानुपर्ने भएकाले अहिले त्यसको काम भइरहेको जानकारी दिनुभयो ।

उहाँका अनुसार हिमालय पथप्रदर्शकको लागि एनएमएबाट उच्च पर्वतारोहण तालिम लिइसकेका जसले पहिलो, दोस्रो र तेस्रो चरण पार गरेका छन् उनीहरु नेशनल माउण्ट गाइड बन्ने प्रावधान छ भने अन्तर्राष्ट्रिय हिमालय पथप्रदर्शक सदस्यता लिन अन्तर्राष्ट्रिय पर्वतारोहण पथप्रर्दशक महासङ्घले (आइएफएमजिए) को एउटा निश्चित कोर्ष पूरापछि मान्यता पाउने प्रावधान रहेको छ । यसरी मान्यता प्राप्त माउण्टेन गाइडको अहिले जम्मा ७० जना मात्र छन् । गुरुङले नेपाल सरकारले एनएमबाट रातो किताब प्राप्त र उच्च पर्वतारोहण तालिम गरेकालाई दिने र त्यसमा 'आस्पिरियन्ट लेभल' नचाहिने निर्णण भएको बताउनुभयो । उहाँले भन्नुभयो, "थुप्रै पटक हिमाल आरोहण गरेका रेड बुक पाएका र उच्च पर्वतारोहण तालिम लिएका आरोहीहरुलाई हिमालय पथप्रदर्शक प्रमाणपत्र दिन सरकार सहमत भए पनि पछि विवाद निस्किएकाले रोकियो ।" विसं २०७६ मा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत पर्यटन विभागले नेपालमा विख्यात विख्यात आरोही रहेका जनाउँदै उनीहरुको लागि नेपाल पर्वतारोहणको सङ्घको सिफारिसमा हिमालय पथप्रदर्शक प्रमाणपत्र दिने भनेर निर्णय गरेको थियो ।

सरकारले यस विषयमा एनएमएसँग राय माग्दा रातो बुक प्राप्त उच्च पर्वतारोहण तालिम लिएर निरन्तर आरोही पेशामा संलग्नलाई दिन मिल्ने सुझाव दिएको उहाँको भनाइ छ । "यस विषयमा आइएफएमजिएबाट हिमालय पथप्रदर्शकको प्रमामणपत्र लिएका आरोहीले असमति जनाएपछि यो विषय अदालतमासम्म पुगेको छ, जुन अहिले विचाराधिन अवस्थामा छ ।" एनएमएले ४४ दिनको आधार भूत माउण्टनियरिङ तालिम मनाङ र र एड्भान्स कोर्ष लाङटाङमा दिँदै आएको छ । सङ्घका अनुसार आधार भूत तालिम लिएका ६७५ जना र एड्भान्स तालिम लिएका ७८५ जना रहेका छन् । विश्वमा १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल छन् त्यसमा आठ वटा नेपालमा पर्छन् ।

# ऐतिहासिक खड्ग कालिका मन्दिरको पुन:निर्माण अन्तिम चरणमा

पोखरापत्र संवाददाता
दमौली, ८ भदौ

तनहुँको व्यास नगरपालिका-११ स्थित ऐतिहासिक तनहुँसुरमा रहेको खड्ग कालिका मन्दिरको पुनःनिर्माण अन्तिम चरणमा पुगेको छ । पुरातत्व विभागको आर्थिक सहयोगमा गत चैतदेखि पुनःनिर्माण शुरु भएको ऐतिहासिक महत्वको खड्ग कालिका मन्दिरको काम अन्तिम चरणमा पुगेको हो ।

मन्दिरको काम लगभग सकिएको र अब रङ्रोगन गर्न बाँकी रहेको वडाध्यक्ष नीरबहादुर खड्काले जानकारी दिनुभयो । "मन्दिरको काम लगभग सकियो, अब रङ्रोगन गर्न बाँकी छ", उहाँले भन्नुभयो । सन् १६७५ तिरका पाल्पाका शक्तिशाली राजा मुकुन्दसेनले शासन गरेको तनहुँसुरमा जीर्ण अवस्थामा रहेको सो मन्दिर रु ५० लाखका लागतमा पुनःनिर्माण शुरुआत गरिएको थियो । "तनहुँसुरमा रहेको दरबारको दुई वर्ष अगाडि पुरातत्व विभागले उत्खनन् गरेको थियो, सोही दरबारको नजिकै रहेको खड्गदेवी मन्दिरको पुनःनिर्माण गरिएको हो", उहाँले भन्नुभयो । जीर्ण अवस्थामा रहेको मन्दिर पुरानै शैलीमा पुनःनिर्माण गरिएको छ । उक्त मन्दिरमा तत्कालीन सेन वंशीय राजाले पूजाआजा गर्ने गरेको किंवदन्ती छ । खड्ग कालिकाको शेषको रुपमा तनहुँको व्यास नगरपालिका-४ दमौलीमा पनि तनहुँ कालिका मन्दिर निर्माण गरिएको छ । भक्तपुरका ठेकेदारमार्फत मन्दिरको पुनःनिर्माण गरिएको र त्यसका लागि स्थानीय कालिगढ पनि प्रयोग गरिएको छ । "पुरातत्व विभागले गत वर्ष बन्दिपुरमा सांस्कृतिक सम्पदा पुनःनिर्माणका लागि तालिम दिएको थियो, त्यहाँबाट तालिम लिएका कालिगढ मन्दिर पुनःनिर्माणका लागि खटिएका थिए", उहाँले भन्नुभयो । केही समय अगाडिसम्म ओझेलमा रहेको तनहुँसुर विस्तारै चहलपहल शुरु भएको छ । कोरोना कहरपछि तनहुँसुर घुम्ने गन्तव्यको रुपमा विकास भइरहेको छ । सोही कारण यहाँ सामुदायिक घरवास पनि सञ्चालनमा आएको छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं प्राकृतिक सम्पदा तथा जैविक विविधताको संरक्षण गर्दै तनहुँसुर भ्रमण गर्न आउने आन्तरिक एवं बाह्य पर्यटकका लागि खाना तथा आवासको सहज व्यवस्थापन देवस्थल सामुदायिक घरवास सञ्चालनमा आएको छ । तनहुँ जिल्लाको नाम तनहुँसुरबाट अप्रभंस भएर रहेको भन्ने किम्वदन्ती छ । पाल्पाका राजा मणिमुकुन्द सेनले आफ्ना जेठा छोरा भृङ्गीसेनलाई सन् १६१० मा तनहुँमा राज्य सञ्चालन गर्न पठाएको र उनी पछिका ८ सेनवंशी राजाले २३० वर्ष तनहुँसुरबाट राज्य सञ्चालन गरेको इतिहास रहेको छ । तनहुँसुर दरबारका अवशेष, राजपरिवारले प्रयोग गरेका किल्ला र गढी, धारा, तोप तथा अन्य हातहतियार, बारुदीखाना, राजाले न्याय निसाफ तथा कचहरि सञ्चालन गर्ने गद्दी चौतारा, साउने कुवा, कुँडापानी, बाइससिढी चौतारी, ढुङ्गेसाँगु, फूलपाती ढुङ्गा, रानीपोखरी, धर्मशाला, रानीबगैचा, भगवतीपानी मन्दिर यहाँका पर्यटकीय सम्पदा हुन् ।

विकास र व्यापारको खोजीमा तनहुँसुरका नेवार समुदाय दमौली, चितवन, पोखरा, काठमाडौ लगायतका ठाउँमा बसाई सरेर गएका थिए । तनहुँसुरबाट हिमश्रृङ्खला, महाभारत पर्वत श्रृङ्खला, कलेस्तीफाट, चुँदीफाट, गोरखा तथा कास्की जिल्लाका विभिन्न स्थान अवलोकन गर्न सकिन्छ । तनहुँसुरसम्म पुग्ने खड्गदेवी मोटरमार्गको ६ किलोमिटर खण्ड कालोपत्रेको तयारी थालिएको छ । सङ्घीय सरकारको रु पाँच करोड र व्यास नगरपालिकाको रु पाँच करोड गरी रु १० करोड लागतमा सडक कालोपत्रेको तयारी भइरहेको छ । सन् १६७५ तिरका पाल्पाका शक्तिशाली राजा मुकुन्दसेनले तनहुँसुरलाई आफ्नो राज्यमा मिलाएका थिए । तनहुँसुरको बारेमा प्रकाशित पुस्तक 'मोतीको माला' मा उल्लेख भए बमोजिम राजा मुकुन्दसेनको मृत्यु परोणान्त तनहुँ प्रदेशका प्रशासक छोरा भृङ्गीसेनले तनहुँलाई स्वतन्त्र राज्य घोषणा गरेका थिए । भृङ्गीसेनका छोरा हम्बिर सेन र धर्माङ्गद सेनबीच तनहुँ राज्यको उत्तराधिकारी हो हुने भन्ने विषयमा विवाद चलेको बताइन्छ । उक्त विवादमा दलभञ्ज्याङका रणभन्जन थापाले सहयोग गरेकाले राजा हम्बिर सेनले भाई धर्माङ्गद सेनलाई तनहुँको राजगद्दीबाट हटाएका थिए । राजा हम्बिर सेनले भाई धर्माङ्गद सेनलाई तनहुँको राजा तँ न हो भनेकाले तनहुँ र भाई धर्माङ्गद सेनले ल म जुङ्ग भनेकाले लमजुङ नाम बन्न गएको किंवदन्ती रहेको छ । तनहुँसुरका अन्तिम राजा हरकुमारदत्त सेन र लमजुङका राजा वीरमर्दन शाह मनाङ, मुस्ताङ, पर्वत र पाल्पाको बाटो हुँदै तनहुँको शासनभार त्यागेर तनहुँको विरासत राज्य रामनगरमा पुगेर विश्राम लिएको बताइन्छ ।

# मौसममा सुधार हुन अझै केही दिन लाग्ने

रासस
काठमाडौं, ८ भदौ

मनसुनी वायुका कारण मौसममा सुधार हुन अझै केही दिन लाग्ने भएको छ । बङ्गालको खाडीबाट आएको जलवाष्पयुक्त हावाका कारण मनसुनी गतिविधि अझै सक्रिय रहेको हो ।

"अहिलेको अवस्थालाई हेर्दा मौसममा सुधार हुने देखिएको छैन् । बुधबारदेखि मनसुन थप सक्रिय हुने सम्भावना छ ।" जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले बताउनुभयो । शुक्रबारसम्म देशका धेरैजसो स्थानमा बदली रहनाका साथै हल्कादेखि मध्यम खालको वर्षा हुने र केही स्थानमा भने भारी वर्षाको सम्भावना रहेको छ । त्यस अवधिमा दिउँसोभन्दा राति र बिहान पानी धेरै पर्ने बताइएको छ ।

हाल देभभर सामान्य बदली रही प्रदेश नं १, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानका साथै अन्य प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम खालको वर्षा भइरहेको र वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिमका एक वा दुई स्थानमा मेघ गर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम २० दशमलव छ डिग्री र अधिकतम तापक्रम २४ दशमलव पाँच डिग्री सेल्सियस छ । त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १६ दशमलव पाँच डिग्री र सबैभन्दा धेरै धनगढीको अधिकतम तापक्रम ३३ दशमलव सात डिग्री सेल्सियस छ ।

# मूल्यवृद्धि फिर्ता लिन विद्यार्थी संगठनको माग

रासस
काठमाडौं, ८ भदौ

पाँच विद्यार्थी सङ्गठनले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ता लिन माग गरेका छन् ।

ती सङ्गठनले मंगलबार एक विज्ञप्ति जारी गरी नेपाल आयल निगमले सम्पूर्ण तथ्य र तथ्याङ्कलाई लुकाएर अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेको अवस्थामा नेपालमा बढाइएको भन्दै मूल्यवृद्धि तत्काल फिर्ता लिन माग गरेका हुन् । जनतालाई नकारात्मक असर पर्ने कुनै पनि निर्णय नगर्न खबरदारी गर्नुका साथै सार्वजनिक यातायातको भाडामा गरिएको २८ प्रतिशत वृद्धिलाई फिर्ता लिन पनि माग गरेको नेविसङ्घका महामन्त्री दीपक भट्टराईले बताउनुभयो ।

यस्तै, पाँच विद्यार्थी सङ्गठनले त्रिभुवन विश्वविद्यालयले स्वास्थ्य मापदण्ड अपनाएर विभिन्न तहको परिक्षा सञ्चालन गरिरहेको भन्दै कक्षा १२ को परीक्षा तालिका पनि चाँडो सार्वजनिक गर्न माग गरेको छ । कक्षा १२ को परीक्षा नहुँदा विद्यार्थीको भविष्य अन्योलमा परेको, मानसिक तनावमा परेको, शैक्षिक क्यालेण्डर ध्वस्त हुने अवस्था आएको भन्दै परीक्षा तालिका सार्वजनिक गर्न माग गरेका हुन् । विज्ञप्तिमा नेपाल विद्यार्थी सङ्घका अध्यक्ष राजीव दुङ्गाना, अखिल क्रान्तिकारीका अध्यक्ष रञ्जित तामाङ, अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुली, समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रुपनारायण श्रेष्ठ र अखिल छैटौंका अध्यक्ष विमल पोखरेलको हस्ताक्षर छ ।

# प्रविधिमैत्री बन्दै सामुदायिक विद्यालय

पोखरापत्र संवाददाता
बागलुङ, ८ भदौ

प्रविधिमैत्री शिक्षण सिकाइका लागि बागलुङका केही सामुदायिक विद्यालयले प्रयास थालेका छन् । शिक्षकलाई ल्यापटप, कक्षाकोठामा प्रोजेक्टर र टिभी जडान गरेर पठनपाठनको व्यवस्थापनमा विद्यालय सक्रिय भएका हुन् ।

जिल्लाको निसीखोला गाउँपालिका-१ मा रहेको देवीस्थान माध्यमिक विद्यालयले शिक्षकलाई ल्यापटप वितरण गरेको छ । निसीखोला गाउँपालिकाको रु छ लाख ५० हजार र विद्यालयको अन्तरिक स्रोतबाट रु छ लाख ५० हजार गरी रु १३ लाखको लागतमा १६ शिक्षकलाई ल्यापटप, कक्षा कोठामा स्मार्ट टिभी र प्रोजेक्टर जडान गरेको हो ।

जैमिनी नगरपालिका-१ कुश्मीशेराको शान्ति माध्यमिक विद्यालयले प्राविधिक धारका कक्षा प्रोजेक्टरको सहायताले पठनपाठन गराइन्छ । कोरोना महामारीका कारण कक्षा ६ देखि १२ सम्म अनलाइनमार्फत पठनपाठन भइरहेको छ । विद्यालयले भौतिक उपस्थितिमा हुने कक्षामा प्रोजेक्टरको सहायता लिने गरिएको हो । शिक्षकहरूले ल्यापटप आवश्यकता महसुस गरेर विद्यालयले ऋण उपलब्ध गराउने निर्णय गरेको छ । "जमाना प्रविधिको छ, भर्चुअल कक्षा होस् वा भौतिक उपस्थितिमा हुने कक्षा, ल्यापटप हुँदा शिक्षकहरूलाई तयारीदेखि कक्षा कोठामा सहयोग पुग्छ", प्रधानाध्यापक यामबहादुर जिसीले भन्नुभयो, "विद्यालयको सञ्चित कोषको रकमबाट आवश्यक रहेका शिक्षकको लागि ल्यापटपको ६० प्रतिशत लागत व्यहोरेका हौं ।"

काठेखोला गाउँपालिका-७ को रेश नुन्थला माध्यमिक विद्यालयले शिक्षकका लागि ल्यापटप र प्रत्येक कक्षामा प्रोजेक्टर अभियान थालेको दुई वर्ष भयो । पठनपाठन प्रविधिमैत्री बनाउनका लागि शिक्षकलाई ल्यापटप, विद्यार्थीलाई युट्युबको सहारामा पठनपाठन र आधुनिक पुस्तकालय अभियान थालिएको वडाध्यक्ष एवं विद्यालय व्यवस्थापन समितिका सदस्य प्रेम लामिछानेले बताउनुभयो । विद्यालयको अभियानका लागि वडा कार्यालयले रु पाँच लाख अनुदान उपलब्ध गराइसकेको छ ।

कक्षा कोठाको वातावरण प्रविधिमैत्री बनाउँदा पठनपाठन क्रियाकलाप विद्यार्थी केन्द्रित हुने देवीस्थान माध्यामिक विद्यालयका प्रधानाध्यापक भगवबहादुर क्षेत्रीको भनाइ छ । ल्यापटपको उपयोगिताबारे विद्यालयका सबै शिक्षकलाई आधारभूत कम्प्युटर सीप, तालिम प्रदान गरिएको थियो । शिक्षकहरूले कक्षाकोठामा चक, डस्टर वा मार्करको ठाउँमा ल्यापटप र प्रोजेक्टरको प्रयोग भएको क्षेत्रीले बताउनुभयो ।

देवीस्थान माध्यमिक विद्यालयमा बाल कक्षादेखि १२ सम्म पठनपाठन हुने विद्यालयको कक्षा १ र २ मा स्मार्ट टिभी र कक्षा ८, ९ र १० मा प्रोजेक्टरसमेत जडान गरिएको छ । विद्यालयमा २० वटा कम्युटरसहित कम्प्युटर ल्याब सञ्चालनमा छ । विद्यालय प्रभावित क्षेत्रमा इन्टरनेटको सहज पहुँच छैन । कोरोना महामारीले विद्यालयमा भौतिक उपस्थितिमा पठनपाठन गर्न कठिन भएको प्रधानाध्यापक क्षेत्रीको भनाइ छ । सबै विद्यार्थीसँग स्मार्टफोनको पहुँच नहुँदा अनलाइन कक्षा सञ्चालनमा समस्या भएको उहाँले बताउनुभयो ।

विद्यालयले चन्दा सङ्कलनबाट रु ६५ लाख नियमित ब्याज प्राप्त हुने गरी वित्तीय संस्थामा राखेको छ । सोही रकमको ब्याजबाट प्राप्त हुने पैसाले विद्यालयका शैक्षिक तथा भौतिक निर्माणमा खर्च हुने गरेको विद्यालयले जनाएको छ । विद्यालयले प्रविधिमैत्री शिक्षामा जोड दिन थालेपछि सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या बढ्न थालेको शिक्षकहरूको बुझाइ छ । "अहिले हामीसँग उपलब्ध शैक्षिक कार्यक्रम र त्यससँग सम्बन्धित शैक्षिक सामग्रीका कारण निजी विद्यालय छाडेर आउने विद्यार्थी धेरै छन्", शान्ति माध्यमिक विद्यालयका प्रअ जिसी भन्नुहुन्छ, "विद्यालयले आफैँले थालेका कार्यक्रममा तीन तहका सरकारको साथ भए अझै राम्रो हुन्थ्यो ।" निसीखोला, काठेखोला र जैमिनीका तीन विद्यालय प्रतिनिधि विद्यालय मात्रै हुन् । जिल्लामा विभिन्न स्रोतको खोजी गरेर प्रविधिमैत्री बन्ने विद्यालयको होडबाजी छ ।

# लायन्स क्लव सम्बृद्धिद्धारा रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौ

लायन्स अभियान खुसीका लागि सेवाका साथ लायन्स क्लव पोखरा सम्वृद्धिले रक्तदान गरेको छ ।

नियमिति रुपमा हुँदै आएको रक्तदान ६८ औं पटक रक्तदान गर्ने रेडियो सराङकोटका कार्यकारी निर्देशक कृष्ण थापा, शुभकामना महिला विकास केन्द्रका संस्थापक अध्यक्ष तीर्थ श्रेष्ठलाई ब्लड ब्याग दिई कार्यक्रमको शुभारम्भ गरिएको थियो । कार्यक्रममा लायन्स लिडर सिप एकेडेमी प्रमुख सुचित्रा थापाले लायन्स अभियान समाजिक कार्यकोलागि समर्पित भएको वताइन् ।

रक्तसंचार केन्द्रका प्रमुख अर्जुन ज्ञवालीले रक्तदान कार्यक्रमवाट प्राप्त हुने रगतलाई प्राविधिक परीक्षणको लागि



न्युनतम शुल्कका कारण रगत किन्नु पर्ने वाध्यता रहेकोले प्रदेश सरकारले सहयोग गरेमा सो रगत निशुल्क रुपमा प्रदान गर्न सकिने वताए । नेपाल स्वयंसेवी रक्तदाता समूहका अध्यक्ष जितेन्द्रमान शाक्यले रक्तदानको माध्यमले स्वास्थ्य सेवा र खेलकूदको अनुभव राखेका थिए । क्लवका अध्यक्ष रजनी श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा लायन्स सर्भिस सेवा अभियान प्रमुख, मदन मुल्मी, लायन्स रक्तदान कार्यक्रम प्रमुख महेश पौडेल, लायन्स डिष्टिक विभाग प्रमुख राधिका थापा, पूर्व अध्यक्ष कृष्मा राणा, रिजन प्रमुख सन्तोष घिमिरे, रेडियो सराङकोटका व्यवस्थापक योगेन्द्र श्रेष्ठ, सिद्धार्थ क्लवका अध्यक्ष पार्वती माकाजू, सचिव प्रमीला जोशी, कार्यक्रम संयोजक सरिता महर्जन लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

# भदौ १५ सम्म अहिलेकै लकडाउन निरन्तरता

पोखरापत्र संवाददाता
दमौली, ८ भदौ

तनहुँमा भदौ १५ गतेसम्म अहिलेकै लकडाउनले निरन्तरता पाएको छ । जिल्ला सङ्कट व्यवस्थापन केन्द्रले सोमबार राति १२ बजेदेखि अन्त्य भएको निषेधाज्ञालाई १५ गतेसम्म लम्ब्याउने निर्णय गरेको हो ।

सोमबार बसेको बैठकले साविककै लकडाउनलाई निरन्तरता दिने निर्णय गरेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । उहाँका अनुसार यस अगाडि बिहान ५ देखि १० बजेसम्म खुल्दै आएका खाद्यान्न तथा तरकारी पसल अब बिहान ५ देखि ११ बजेसम्म खुल्नेछन् । त्यस्तै अन्य व्यवसाय बिहान ११ बजेदेखि ६ बजेसम्म खुल्दै आएकामा अब १२ बजेदेखि ६ बजेसम्म खुल्ने निर्णय भएको छ । सार्वजनिक तथा निजी सवारी साधनलाई जोर-बिजोर लागू गरिएको छ । जोर दिन जोर नम्बर र बिजोर दिन बिजोर नम्बरका सवारी साधन सञ्चालन हुनेछ । जिल्लामा बिहान ६ देखि साँझ ६ बजेसम्म सवारी सञ्चालनको अनुमति दिइएको छ ।

प्रशासन कार्यालयले अब जिल्लामा स्मार्ट लकडाउनको तयारी गरेको छ । स्थानीय तहमा कोभिड सङ्क्रमणको जोखिमलाई हेरेर स्थानीय तहको सिफारिसबमोजिम स्मार्ट लकडाउन गरिने बरालले बताउनुभयो । "अहिले सबै ठाउँबाट तथ्याङ्क नआएकाले साविककै लकडाउनलाई निरन्तरता दिइएको छ, बीचमा स्थानीय तहले सिफारिस गरे सोहीअनुसार निर्णय हुन्छ", बरालले भन्नुभयो ।

सरकारले गत साउन १५ गते जारी गरेर भदौ १ गतेदेखि लागू हुने गरी स्मार्ट लकडाउन कार्यविधि लागू गरेको छ । सङ्क्रमण, मृत्यु, अस्पतालको पूर्वाधार, जनस्वास्थ्य मापदण्ड कार्यान्वयनको अवस्थालाई हेरेर कार्यविधिमा चार रङमा विभाजन गरिएको छ । जसमा रेड, एम्बर, एल्लो र ग्रीन जोनमा विभाजन गर्ने कार्यविधिमा उल्लेख छ । सङ्क्रमितको सङ्ख्या ६५ प्रतिशतभन्दा माथि भए रेड जोन, ३१ देखि ६५ प्रतिशत भए एम्बर, १६ देखि ३० प्रतिशतमा भए पहेँलो सङ्केतमा सफ्ट लकडाउन, १५ प्रतिशतभन्दा कम भए हरियो अर्थात् मिनीमल लकडाउनको नियम ल्याइएको छ ।

तनहुँमा सोमबारसम्म सक्रिय सङ्क्रमितको सङ्ख्या ३३३ रहेको छ । गत वैशाखयता तनहुँका चार हजार ९०५ जनामा सङ्क्रमण भएको छ भने चार हजार ४६६ जना निको भएका छन् । त्यस्तै १०६ जना सङ्क्रमितको मृत्यु भएको छ ।

# रघुगङ्गामा दुई 'बेलीब्रिज'

पोखरापत्र संवाददाता
म्याग्दी, ८ भदौ

म्याग्दीको रघुगङ्गा गाउँपालिकास्थित राहुघाट र बगरखोलामा मोटर चल्ने दुईवटा पुल (बेलीब्रिज) निर्माण भएको छ । राहुघाट नदीमा एकैसाथ ८३.५ मेगावाट क्षमताका दुई जलविद्युत् आयोजना निर्माण गरिरहेको तुदी पावरकम्पनीलेबनाएकोबेलीब्रिजबाट स्थानीयवासीलाई पनि सुविधा पुगेको छ । आयोजनाका इन्जीनियर नरोतम कार्कीले रघुगङ्गा गाउँपालिका-७ चिमखोलाको बगरखोलामा ३० मिटर लामो, वडा नं ४ र ५ को सिमानास्थित राहुघाट नदीमाथि ६९ मिटर लामो बेलीब्रिज निर्माण भएको जानकारी दिनुभयो ।

पैतीस मेगावाट क्षमताको राहुघाट मङ्गले जलविद्युत् आयोजना निर्माणस्थल जोड्ने सडकअन्तर्गत बगरखोलामा बनेको पुलले चिमखोला र कुइनेमङ्गलेका दुईवटा वडालाई सिधा सडक यातायात सञ्जालसँग जोडेको छ । कुइनेमङ्गलेका वडाध्यक्ष गमान छन्त्यालले बगरखोलामा बेलीब्रिज बनेपछि बाह्रै महिना गाडी चल्न थालेका बताउनुभयो । दग्नामको अजिङ्गर भिरबाट बन्दीसम्म सात किलोमिटर पहुँचमार्ग खनेको यस आयोजनाले घ्याँसीखर्कमा अर्को बेलीब्रिज बनाउने तयारी गरेको जनाएको छ । राहुघाट नदीमा निर्माण भएको बेलीब्रिजले ४८.५ मेगावाट क्षमताको माथिल्लो राहुघाट जलविद्युत् आयोजनाको पहुँचमार्ग सडक सञ्जालमा जोडेको छ । विद्युत्गृह र निर्माणस्थल पुग्ने २०० मिटर सडक निर्माण बाँकी छ । विस्फोटक पदार्थको प्रयोग गरेर सुरुङ निर्माण थालिएको छ । बन्दीमा बाँध निर्माणाधीन रहेको राहुघाट-मङ्गले जलविद्युत् आयोजनाको दुईवटा अडिटबाट ४०० मिटर सुरुङ निर्माण सकिएको छ । चिमखोलाको मलाङमा विद्युत् गृह रहने मङ्गले राहुघाटको सुरुङ पाँच किलोमिटर छ । कम्पनीका प्रतिनिधि उपेन्द्र गौतमले गत मङ्सिरदेखि सुरुङ खन्न थालिएको आयोजना तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको बताउनुभयो ।

कूल लागत रु पाँच अर्ब ९२ करोड लागत अनुमान गरिएको मङ्गले-राहुघाटको आउटलेटबाट १५० मिटर तल पानी विद्युत् गृहमा खसालेर विद्युत् उत्पादन गरिनेछ । मलाङमा विद्युत्गृह निर्माण गर्न जग्गा व्यवस्थापन गरिएको छ । आयोजना निर्माणमा आवश्यक विस्फोटक पदार्थको भण्डारण र सुरक्षाका लागि रघुगङ्गा-७ चिमखोलामा नेपाली सेनाको क्याम्प स्थापना भएको छ ।

अपर राहुघाटको विद्युत्गृहबाट निस्कने र बगरखोलाको पानी मिसाएर मलाङमै बाँध र राहुघाट जलविद्युत् आयोजनाको बाँधबाट ५०० मिटर माथि विद्युत्गृह बनाउने गरी अर्को माथिल्लो राहुघाट जलविद्युत् आयोजनाको पनि प्रारम्भिक चरणको काम सुरु भएको छ । कुइनेमङ्गलेमा राहुघाट नदीको सहायक ठूलोखोलामा २१.३ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजना निर्माणका लागि संयुक्त उर्जा प्रालिले अनुमति लिएको छ । ठूलोखोलाको पनि बाँध निर्माणस्थलसम्म पहुँचमार्ग निर्माण भइसकेको छ । राहुघाट नदीमै नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रो लिमिटेडले ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । राहुघाटको ३० प्रतिशत पूर्वाधार निर्माण सकिएको छ । मङ्गले र अपर (माथिल्लो) राहुघाट जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय ग्रिडमा जोडन दुवै आयोजनाको प्रवर्द्धक तुँदी पावर कम्पनीले चिमखोलाबाट राहुघाट सबस्टेशनसम्म १३ किलोमिटर दूरीको डबल सर्किटको प्रसारण लाइन निर्माणको तयारी भएको छ ।

# औषधिजन्य बिरुवा खेतीको विस्तार

पोखरापत्र संवाददाता
तनहुँ, ८ भदौ

तनहुँमा व्यावसायिक रुपमा औषधिजन्य बिरुवा खेतीको विस्तार भइरहेको छ ।

चार दशकअघि व्यास नगरपालिका-५ स्थित पाटन क्षेत्रबाट शुरु भएको औषधिजन्य बिरुवा खेती विगत दश वर्षयता जिल्लाको दुले र मादी नदी किनार आसपास हुँदै पर्वत जिल्लाको जलजले गाउँपालिका क्षेत्रसम्म विस्तार भएको छ । व्यास नगरपालिका-५ पाटनका ८६ वर्षीय केबी गुरुङले जागीर छोडेर २०३६ सालदेखि जडीबुटी बिरुवाको व्यावसायिक उत्पादन सुरु गर्नुभयो । उहाँले अहिले तनहुँलगायत पर्वत जिल्लाको जलजले गाउँपालिका-९ मा जडीबुटीका लाखौं बिरुवाको व्यावसायिक उत्पादन गर्नुभएको छ । एक दुई हजार जडीबुटीका बिरुवाबाट सुरु गर्नुभएको खेती अहिले उहाँले व्यावसायिक रुपमा करिब २० रोपनी क्षेत्रफलमा सो खेती गरिरहनुभएको छ ।

श्रीखण्ड, पाँच औले, निरमसी, जटामसी, कुटकी, सतुवा, कुटलगायतका लगाएको १६ प्रकारका बिरुवाबाट उत्पादन दिन थालेको उहाँको भनाइ छ । समुद्र सतहबाट करिब दुई हजार २०० मिटर उचाइमा आयुर्वेदिक गुणयुक्त त्यस्ता बिरुवा लगाउनुभएका उहाँले बगैँचा रेखदेखका लागि एक परिवारलाई रोजगार सिमेत दिनुभएको छ । गुरुङले व्यास नगरपालिका-५ स्थित पाटन क्षेत्रका दुले र मादी नदी किनार आसपासमा गरी करिब १०० रोपनी क्षेत्रफलमा विभिन्न जातका बाँसको खेती गर्नुभएको छ । मोटा, नियाले, धनु, लठ्ठी, कालो, पहेँलो, भगडिया, तामा खानेलगायतका २२ प्रजातिको बाँस लगाएको किसान गुरुङको भनाइ छ । भारतको कानपुरबाट विएससी एजी गर्नुभएका गुरुङले जागिरभन्दा कृषि पेसालाई प्राथमिकता दिएर व्यावसायिकरुपमा यस क्षेत्रमा लाग्नुभएको हो । रेष्टुराँ तथा होटलमा सुन्दरताका लागि साना किसिमका बाँस र भवन निर्माणका लागि ठूला खालको बाँस खरिद गरेर लाने गरेको उहाँको भनाइ छ । एघार किसिमका बाँस प्रतिबिरुवा रु एक हजारमा बिक्री हुने गरेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार वार्षिक रुपमा करिब रु ३० लाख मूल्य बराबरको बाँस र बाँसका बिरुवा बिक्री हुने गरेको छ । उहाँले भन्नुभयो, 'जागिर भनेर बसेको भए यति राम्रो प्रगति हुने थिएन होला ।' त्यसैगरी गुरुङले करिब १०० रोपनी क्षेत्रफलमा उगरउडका बिरुवा लगाउनुभएको छ । करिब २० वर्षअघि ५०० उगरउडका बिरुवा लगाउनुभएका गुरुङको बारीमा हाल २५० ठूला बिरुवा र करिब तीन हजार साना बिरुवा छन् । अहिले प्रतिबिरुवा रु दुई लाखसम्म खरिद गर्ने मानिस आउने गरेको उहाँको भनाइ छ । अगरउडबाट अगर निस्किन थालेपछि सुनभन्दा महँगो मूल्यमा बिक्री हुने बताइएको छ ।

साथै अगरउड अत्तरका लागि पनि प्रयोग गर्न सकिन्छ । त्यसैगरी अगरउड क्यान्सर, अल्सर, छालाजन्य रोग, आँखा, कान, नाकलगायतका उपचारमा लाभदायक हुने गरेको किसान गुरुङको भनाइ छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जली



जन्मः वि. स. २०३०/०३/०८ गते

स्वर्गारोहणः वि.स. २०७८/०४/२९ गते

स्वः मिरा श्रेष्ठ गुरुङ

हाम्रा प्रातः स्मरणीय श्रीमती/ममतामयी आमा/ प्यारी छोरी **मिरा श्रेष्ठ गुरुङ** को ४८ वर्षको उमेरमा भएको अकल्पनिय असामयिक स्वर्गारोहणले हामी सम्पूर्ण परिवार मर्माहत एवं स्तब्ध भएका छौं । स्वर्गवासको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामीप्रति सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

पतिः प्रकाश गुरुङ

जेठो छोराः राजकुमार गुरुङ

छोरीः लक्ष्मी गुरुङ

कान्छो छोराः अविनाश गुरुङ

बाबाः बाबुलाल श्रेष्ठ